# नेपालगञ्ज उप-महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८) नेपालगञ्ज, असार २९ गते, २०८२ साल (संख्या: १

## भाग १

## नेपालगञ्ज उप–महानगरपालिका

## संवत् २०८२ सालको ऐन नं. १

## नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावना:** नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने, जरिवाना तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नेपालगञ्ज उप-महानगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रमा २०८२ श्रावण १ गते देखि लागू हुनेछ ।

**२. सम्पति कर:**

नेपालगञ्ज उप-महानगरपालिकाको सम्पूर्ण वडाक्षेत्रभित्र अनुसूचि–१ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि (मालपोत) कर:**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र अनुसूचि–२ बमोजिम भूमि कर मालपोतको बक्यौता रकम असूल उपर गरिनेछ । तर उपदफा २ बमोजिम २०७६ श्रावण १ गते देखि सवै वडाहरुमा सम्पत्ती

कर लागू भईसकेको हुदाँ सम्पत्ती करसँग दोहोरो हुने गरी भूमिकर (मालपोत) संकलन नगरिने र बक्यौता मालपोत रकम मात्र असुल उपर गरिनेछ ।

**४. घर जग्गा वहाल करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा उप-महागरपालिकाको निर्धारण न्युनतम दररेट अनुसार अनुसूचि -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यबसाय करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र संचालन हुने साना सवारी साधनमा अनुसूचि —६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि —७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, लुम्बिनी प्रदेशको कानून स्वीकृत भई सो कानूनमा अन्यथा ब्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**९. मनोरन्जन करः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय कार्यक्रम र सेवामा अनुसूचि —८ बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।तर, लुम्बिनी प्रदेशको कानून स्वीकृत भई सो कानूनमा अन्यथा ब्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्कः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि —९ मा उल्लेख भए अनुसार का जग्गा, घर, भवन, हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः**

नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र बिभिन्न सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि —१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्गर बोटिङ शुल्कः**

नेपालगञ्ज उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्गबोटिङ सेवा वा व्यवसाय संचालन गरे गराय वापत अनुसूचि—११ बमोजिमको शुल्क लगाइने र असूलउपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुरः**

नेपालगञ्ज उप-महानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि —१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार सेवा शुल्क,दस्तुरलगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः**

नेपालगञ्ज उप-महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची —१३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईअसुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५.** यस ऐनमा उल्लेख नभएका वा नसमेटिएका र अन्य बिषयमा नगरकार्यपालिकाले आगामी नगरसभाबाट पारित गराउने गरि औचित्य र आवश्यकता हेरी प्रचलित कानुन विपरित नहुने गरी स्थानीय राजश्व परामर्श समितिको सिफारिशमा स्थानीय कर, शुल्क, दस्तुर निर्धारण गरी असुल उपर गर्न सक्नेछ।

**१६.** नेपालगञ्ज उप-महानगरपालिका, नगरकार्यपालिकाबाट यस ऐनको कार्यान्वयनका लागि अनुसूची —१४ मा उल्लेख भएका नीतिहरुलाई कार्यान्वयनमा ल्याउनेछ ।

**१७. कर छुटः**

यस ऐन बमोजिमको प्रावधानमा उल्लेख भएवमोजिम कर छुट दिएकोमा बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कानुनमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनैपनि किसिमको करछुट दिईनेछैन।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाले तोके अनुसार हुनेछ।

**१९. खारेजी र बचाउ**

१) नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन, २०८१ खारेज गरिएको छ।

२) नेपालगञ्ज उप-महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १
## सम्पत्ति करको दर

| कर योग्य सम्पति कर | वार्षिक लाग्ने कर आ.व.२०८२।८३ |
|---|---|
| १० लाख सम्म | |
| २ लाख सम्म | रु.२१।०० |
| २ लाख १ देखि ५ लाख सम्म | रु.८५।०० |
| ५ लाख १ देखि १० लाख सम्म | रु.१७०।०० |

| | |
|---|---|
| **१० लाख १ देखि ५० लाख सम्म** | |
| १० लाख १ देखि १२ लाख सम्म | रु.२१३।०० |
| १२ लाख १देखि १४ लाख सम्म | रु.२३४।०० |
| १४ लाख १ देखि  १६ लाख सम्म | रु.२५५।०० |
| १६ लाख १ देखि १८ लाख सम्म | रु.२९८।०० |
| १८ लाख १ देखि २० लाख सम्म | रु.३४०।०० |
| २० लाख १ देखि २२ लाख सम्म | रु.४२५।०० |
| २२ लाख १ देखि २४ लाख सम्म | रु.५१०।०० |
| २४ लाख १ देखि २६ लाख सम्म | रु.५९५।०० |
| २६ लाख १ देखि २८ लाख सम्म | रु.७२३।०० |
| २८ लाख १ देखि ३० लाख सम्म | रु.८५०।०० |
| ३० लाख १ देखि ३४ लाख सम्म | रु.१,०२०।०० |
| ३४ लाख १ देखि ३८ लाख सम्म | रु.१,३६०।०० |
| ३८ लाख १ देखि ४२ लाख सम्म | रु.१,७००।०० |
| ४२ लाख १ देखि ४६ लाख सम्म | रु.२,१२५।०० |
| ४६ लाख १ देखि ५० लाख सम्म | रु.२,५५०।०० |
| **५० लाख १ देखि १ करोड सम्म** | |
| ५० लाख १ देखि ६० लाख सम्म | रु.२,९७५।०० |
| ६० लाख १ देखि ७० लाख सम्म | रु.३,८२५।०० |
| ७० लाख १ देखि ८० लाख सम्म | रु.४,६७५।०० |
| ८० लाख १ देखि ९० लाख सम्म | रु.५,५२५।०० |
| ९० लाख १ देखि १ करोड सम्म | रु.६,३७५।०० |
| **१  करोड १ देखि २ करोड सम्म** | |
| १ करोड देखि १करोड २० लाख सम्म | रु.७,६५०।०० |
| १ करोड २० लाख १ देखि १करोड ४० लाख सम्म | रु.८,९२५।०० |
| १ करोड ४० लाख १ देखि १करोड ६० लाख सम्म | रु.१०,२००।०० |
| १ करोड ६० लाख १ देखि १करोड ८० लाख सम्म | रु.११,४७५।०० |
| १ करोड ८० लाख १ देखि २ करोडसम्म | रु.१२,७५०।०० |
| **२ करोड १ देखि ५ करोड सम्म** | |
| २ करोड देखि २ करोड ५० लाखसम्म | रु.१५,३००।०० |
| २ करोड ५० लाख १ देखि ३ करोडसम्म | रु.१७,८५०।०० |
| ३ करोड १ देखि ३ करोड ५० लाखसम्म | रु.२०,४००।०० |
| ३ करोड ५० लाख १ देखि ४ करोडसम्म | रु.२२,९५०।०० |
| ४ करोड १ देखि ४ करोड ५० लाखसम्म | रु.२५,५००।०० |
| ४ करोड ५० लाख १ देखि ५ करोडसम्म | रु.२८,०५०।०० |

| | |
|---|---|
| ५करोड १ देखि माथी | रु.०.८५। प्रति हजार |

## १.१ सम्पत्ती मूल्यांकन निर्धारण प्रकृया

क) जग्गाको दर भूमिसुधार तथा मालपोत कार्यालयबाट रजिष्टेशन पारीत प्रयोजनका लागी उक्त आ.ब.मा कायम भएको न्युनतम मूल्यांकन दर

ख) सम्पत्ति करका लागि भौतिक संरचनाको मुल्यांकन निम्नानुसार कायम गर्ने।

| सि.नं. | भौतिक संरचनाको मूल्याकंन दर निम्न अनुसार कायम गर्ने | प्रति वर्ग फुट |
|---|---|---|
| १. | आर.सि.सि./स्टिल फ्रेम स्ट्रक्चरबाट बनेको | ६५०।०० |
| २. | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गारो RCC र RBC छाना | ६००।०० |
| ३ | माटो जोडाईमा ईटा वा ढुगाँको गारो —RCC र RBC छाना | ५५०।०० |
| ४ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको — जस्ता र एस्वेस्टसको छाना | ४७५।०० |
| ५ | मटोको जोडाईमा ईट्टा वा ढुंगाको गारो —जस्ता र एस्वेस्टसको | ३७५।०० |
| ६ | सिमेन्ट जोडाईमा ईट्टा वा ढुंगाको गारो —टाएलको छाना । | २७५।०० |

कांचो ईटा वा माटोको गारो वा बांस वा काठको टाटी भै फुस, छवाली,खर,पराल र साधारण टिनको छाना भएको घरको मूल्यांकन गरीने छैन ।

**ग) भौतिक संरचनाको हस कट्टि दर (घट्दो दर) नक्सापास प्रमाणपत्रको आधारमा निम्न अनुसार गर्ने**

| संरचनाको आयु | RCC/steel frame structure बाट बनेको घर | सिमेन्ट जोडाईमा ईटा वा ढुगााको गारो RCC & RBC छाना | माटो जोडाईमा ईटा वा ढुगाको गारो RCC & RBC छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको जस्ता र एस्वेस्टसको छाना | माटो जोडाईमा ईटा वा ढुंगाको गारो —जस्ता र एस्वेस्टसको छाना | सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गारो टायलको छाना |
|---|---|---|---|---|---|---|
| १—५ वर्ष सम्म | - | - | - | - | - | - |
| ६—१५ वर्ष सम्म | - | - | १० | १० | १० | १५ |
| १६—२५ वर्ष सम्म | १० | १० | १५ | २० | २० | २० |
| २६—३५ वर्ष सम्म | १० | २० | २० | २० | २० | मुल्यांकन नगर्ने |
| ३६ वर्षदेखि माथि | २० | २० | २० | मुल्यांकन नगर्ने | मुल्यांकन नगर्ने | मुल्यांकन नगर्ने |

**सम्पत्ति कर असुल गर्दा निम्न प्रक्रिया अपनाउने ।**

१. चालु आ.ब. को सम्पत्ति कर आ.ब. भित्र नबुझाएमा अर्को आ.ब. मा १ बर्षको बक्यौता भए १०% र एक आ.ब. भन्दा बढि भए २५%का दरले जरिवाना लिने ।

२. करदाताले पेश गरेको विवरण झुटा भए छानविन गरी लाग्ने कर रकमको अधिकतम शत प्रतिशत जरीवाना लिई असुल गर्ने ।

३. सम्पत्ति कर बाँकि रहेका करदातालाई उप म.न.पा. ले उपलव्ध गराउने सेवा,सुविधा,सिफारीस रोक्का राखिनेछ ।

४. सम्पत्ति कर असुल भई सकेको कुनै पनि सम्पत्तिमा सोहि आ.ब.मा पुनः कर लाग्ने छैन ।

५ मालपोत,बहाल विटौरी,घरजग्गा कर बक्यौता रहेको भए सम्पत्ति करको साथै असुल गर्ने ।

६. सम्पत्ति कर बुझाउंदा न.पा.मा बुझाउनु पर्ने व्यवसाय कर, बहाल करका साथै उ.म.न.पा.लेतोकेको अन्य कर समेत दाखिला गरी असुल गर्ने ।

७. करदाताको सम्पत्ति घटबढ भएमा न.पा.ले उपलव्ध गराएको नमुना बमोजीमको फारमभरी करदाता स्वंयमले पेश गर्नुपर्ने छ ।

८. बिदेश जाने प्रयोजनको लागि करदाताले चलन चल्तीको रेटमा मूल्याकंन गर्न चाहेमा स्थलगत अध्ययन गरी चलन चल्तिको मूल्य अनुसार मूल्याकंन गरि कर लिई सोहिलाई कायम गर्ने ।

## अनुसूची २

## मालपोत कर

नेपालगञ्ज उपमहानगरपालिकामा आ.व.२०७५-७६ को श्रावण १ गतेबाट सवै वडाहरुमा सम्पत्ती कर लागु भईसकेकोले मालपोत कर नलगाउने तर विगत आ.व.हरुको बक्यौता रकम भने असुल उपर गरिनेछ ।

## अनुसूची ३

## घर जग्गा बहाल कर

उप-महानगरपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा उप-महागरपालिकाको निर्धारण न्युनतम दररेट तथा मापदण्ड अनुसार बहाल रकमको १०% घर जग्गा वहाल कर लिईने छ ।

**१. उप-महानगरपालिकाले निर्धारण न्युनतम दररेट तथा मापदण्डः**

| क्र.स. | स्थानको नाम | व्यवसायिक प्रतिसटर।प्रतिकोठा (मासिक) |
|---|---|---|
| | रत्न राजमार्ग क्षेत्र | |
| १. | जमुनाहा देखि ट्राफिक चोकसम्म | ५०००। |

| | | |
|---|---|---|
| २. | ट्राफिक चोक देखि विद्युत प्राधिकरण जाने आदर्शनगर सम्म चोक सम्म) | ६०००। |
| ३. | विद्यूत जाने आदर्शनगर चोकदेखि गणेशमान चोकसम्म | ६५००। |
| ४. | गणेशमान चोक देखि विपी चोकसम्म | १००००। |
| ५. | विपी चोकदेखि गुल्म सम्म | १३०००। |
| ६. | गुल्मदेखि कारकाँदो  चोकसम्म | १२०००। |
| ७. | कारकादो चोकदेखि नेपालगञ्जको उत्तर सिमानासम्म | १००००। |
| | ट्राफिक चोकदेखि बसपार्क जाने हुलाकी राजमार्ग सम्मको मार्ग क्षेत्र | |
| ८. | ट्राफिक चोकदेखि विद्यूत प्राधिकरणसम्म | ६०००। |
| ९. | विद्यूत प्राधिकरणदेखि मालपोत सम्म | ८०००। |
| १०. | मालपोतदेखि नगरभवन सम्म | १००००। |
| ११. | नगरभवनदेखि त्रिभूवनचोक सम्म | १२०००। |
| १२. | त्रिभूवनचोक देखि त्रिवेणीमोडहुदै सेतु विक चोक सम्म | १५०००। |
| १३. | सेतु विक चोक देखि बसपार्क जाने हुलाकी राजमार्गसम्म | ११०००। |
| | उप-महानगरपालिकाको अन्य क्षेत्र | |
| १४. | गणेशमान चोक देखि चारवाहिनी सम्म | १००००। |
| १५. | गणेशमान चोकदेखि भित्र जेलरोड हुदै पासाङ्गल्हामु मार्गसम्म | ६०००। |
| १६. | गणेशमानचोक देखि प्रभात बोर्डिङ्गसम्म | ८०००। |
| १७. | प्रभातबोर्डिङ्ग देखि इदगाहसम्म | ६०००। |
| १८. | इदगाह देखि परसपुरचोकसम्म | ५०००। |
| १९. | चारवाहिनी चोकदेखि यातायात कार्यालय सम्म | ६०००। |
| २०. | मालपोत देखि भित्र बाँके बगिया क्षेत्र | ६०००। |
| २१. | कुसुम पेट्रोलपम्प देखि भेरी प्राविधिक गेट | ६०००। |
| २२. | पासाङ्ग ल्हामु मार्ग(सुर्खेत रोड देखि खेतानको घर सम्म) | ६०००। |
| २३. | विपि चोकदेखि त्रिभुवन चोकसम्म | १००००। |
| २४. | विपि चोकदेखि पश्चिम मुक्तिपुरसम्म | ६०००। |
| २५. | नर्सिङ्ग होम उत्तरको बाटो देखि पश्चिम कोरियनपूर क्षेत्र | ८०००। |
| २६. | त्रिभुवनचोक देखि रानीतलाउ क्षेत्र | १२०००। |
| २७. | सुर्खेत रोड भगवतिको घरदेखि पूर्व पुरानो सृष्टिहल सम्म | ६०००। |
| २८. | गुरुद्वारादेखि पुर्व फलमण्डि हुदै सुनारमण्डि सदरलाइनसम्म | ६०००। |
| २९. | आर. एन. ए. सी पूर्व घरबारी टोलसम्म | ९०००। |
| ३०. | प्रदिप जनरल स्टोर (पुरोनो) देखि पाचु वनियाको घरसम्म | १००००। |
| ३१. | नन्दलाल वैश्यको घरदेखि गुल्मण्डि सम्म | ६०००। |
| ३२. | त्रिवेणी मोडदेखि वडा प्रहरी कार्यालयसम्म(रासि पथ) | ८०००। |
| ३३. | वडा प्रहरी देखि फुल्टेक्रा चोक सम्म | ६०००। |

| | | |
|---|---|---|
| ३४. | यातायात बाँके गाउ देखि फुल्टेक्रा रासी पथसम्म | ४०००। |
| ३५. | फुल्टेक्रा चोक उत्तर नहरपूर्वा हुदै कान्तिताल चोक सम्म | ४०००। |
| ३६. | रानीतलाउ देखि एम.पी. स्कुलहुँदै वडा प्रहरी कार्यालयसम्म | ४०००। |
| ३७. | धम्बोझी चोक घरबारी टोलहुदै त्रिवेण चोकसम्म | १४०००। |
| ३८. | भानुभक्त चोकदेखि पश्चिम घरबारी टोलसम्म | ८०००। |
| ३९. | सेतुबिक चोकदेखि पश्चिम रत्न रागमार्गसम्म | १००००। |
| ४०. | सेतु बिक चोकदेखि बाइपाससम्म | ६०००। |
| ४१. | सल्यानीबाग हुदै हुलाकी सडकसम्म(वाइपास रोड) | ६०००। |
| ४२. | धम्बोझी चोकदेखि पश्चिम डेन्टल अस्पतालसम्म | ८०००। |
| ४३. | डेन्टल अस्पतालदेखि नन्दनिमिल (सिमानासम्म) | ५०००। |
| ४४. | शिवमन्दिर देखि वडा नं १ को कार्यालय जाने बाटो (गुल्म बाट आएको)सम्म | ४०००। |
| ४५ | विशालचोक वडा नं १ र १८ को क्षेत्र | ५०००। |
| ४६ | नन्दनि मिल देखि कारकाँदो चोकसम्मको सडक | ५०००। |
| ४७. | कारकाँदो चोकदेखि राधाकृष्ण मन्दिरहुदै वाइपास बसपार्क जाने हुलाकी राजमार्ग सम्मको सडक | ६०००। |
| ४८. | कारकादो राधाकृष्ण मन्दिरहुँदै लग्दहवा चोक सम्मको सडक | ५०००। |
| ४९. | पुष्पलालचोक देखि पूर्व विद्यूत प्राधिकरणसम्मको रासि राजमार्ग | ८०००। |
| ५०. | विद्युत प्राधिकरण देखि पुरैनी कान्तिताल चोकसम्म रासि राजमार्ग | ५०००। |
| ५१. | कान्तिताल चोकदेखि २२ नं वडा कार्यालय हुँदै डुडुवा सिमाना सम्मको हुलाकी राजमार्ग | ४०००। |
| ५२. | राझा चोकदेखि आयल निगम सम्म | ६०००। |
| ५३. | भुजइगाँउ चोकदेखि पूर्व ६ कुने चोकसम्म | ४०००। |
| ५४. | माथि उल्लेख नभएको साविक नेपालगञ्ज न.पा. को वडा नं. १-१२ को पक्की सडकमा पर्ने सम्पूर्ण क्षेत्र | ३०००। |
| ५५. | माथि उल्लेख नभएको साविक नेपालगञ्ज न.पा. को वडा नं. १-१२ ग्राभेल एवम् कच्ची सडकमा पर्ने सम्पूर्ण क्षेत्र | २५००। |
| ५६. | माथि उल्लेख नभएको साविक गाविस रहेका हालको वडा नं. १३-२३ पक्की सडकमा पर्ने सम्पूर्ण क्षेत्र | २०००। |
| ५७ | माथि उल्लेख नभएको साविक गाविस रहेका हालको वडा नं. १३-२३ ग्राभेल एवम् कच्ची सडकमा पर्ने सम्पूर्ण क्षेत्र | १८००। |

१.१ व्यापारिक/व्यवसायिक बहाल प्रयोजनको दरलाई १०० बर्ग फिट सम्मको क्षेत्रफल भएको कोठालाई आधार मान्ने तथा १०० व.फि. भन्दा बढी क्षेत्रफल भएमा उक्त दरलाई कोठाको क्षेत्रफल अनुसार दामासाही गरि हिसाब गर्ने ।

१.२. पछाडिको कोठाहरुको लागि उल्लेखित भाडा दरको ४०% का दरले भाडा लिने ।

१.३. माथिल्लो तलाको कोठाहरुको लागि तोकिएको भाडा दरको ४०% का दरले भाडा लिने।

१.४. माथिल्लो तलामा ३००० वर्ग फिट भन्दा बढी एकमुष्ठ बहालमा लगाउदा प्रति वर्ग फुट न्यूनतम रु.२०/- भाडा कायम गर्ने।

१.५. पक्की संरचना बाहेकका छप्पर, टहरा आदिको हकमा उल्लेखित भाडा दरको ३०% का दरले भाडा लिने।

१.६. बहालकर दाखिलाका लागि बहाल सम्झौता अनिवार्य हुने।

१.७. माथि उल्लेखित न्यूनतम बहाल करभन्दा बढी बहाल लिएको अबस्थामा बहाल सम्झौता अनुसार हुनेछ ।

१.८. नियमित बहालमा लगाएको बाहेक आयस्रोत बैंक प्रयोजनका लागि बहालकर दाखिला गर्नेलाई न्यूनतम ३(तिन) महिनाको बहालकर असुली गर्ने।

**२. आवासिय घर बहाल करको दर**

२.१ व्यवसायिक/व्यापारीक प्रयोजन बाहेक बसोबासको लागि नेपालगञ्ज उपमहानगरपालिकाको क्षेत्र मध्ये साविकका गा.वि.स. हाल वडा नं. १३ देखि २३ वडाको क्षेत्रलाई समान रुपमा प्रतिकोठा (१०० वर्ग फिट) न्यूनतम रु १५००। (अक्षेरुपी एक हजार पाँच सय मात्र) ।

२२ व्यवसायिक/व्यापारिक प्रयोजन बाहेक बसोबासको लागि साविक नेपालगञ्ज नगरपालिका हाल वडा नं. १ देखि १२ सम्मको क्षेत्रमा प्रतिकोठा (१०० वर्ग फिट)को न्यूनतम रु ३०००। (अक्षेरुपी तिन हजार)।

२.३ फ्ल्याटको हकमा उल्लेखित दरमा नघट्ने गरि सम्झौता बमोजिम हुनेछ। फ्ल्याटको हकमा सम्झौतापत्र अनिवार्य पेश गर्ने।

**३. नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रमा रहेको जग्गा लिज दरः**

| क्र.स. | जग्गाको क्षेत्र | दर(प्रतिकठ्ठा) (मासिक) |
|---|---|---|
| १. | जमुनाहा देखि विपी चोक सम्मको सडक क्षेत्र | २५००। |
| २. | विपी चोक देखि राझा सम्मको सडक क्षेत्र | ३२००। |
| ३. | राझा देखि उत्तर वडा नं २० को सिमानासम्म सडकको क्षेत्र | ३०००। |
| ४. | वडा नं. १,१८,१९ र २०को भित्री भागको क्षेत्र | १२००। |
| ५. | वडा नं. ४,५,६,२१ र २२ मा पर्ने क्षेत्र | १०००। |
| ६. | वडा नं.२,३,७,८,९,१०,११र १२ मा पर्ने क्षेत्र | ९००। |
| ७. | वडा नं. १३,१४,१५,१६र १७ मा पर्ने क्षेत्र | ८००। |
| ८. | वडा नं. २३ मा पर्ने क्षेत्र | ५००। |

| क्र.स. | जग्गाको क्षेत्र (कृषि प्रयोजन) | वार्षिक दर (प्रतिकठ्ठा) |
|---|---|---|
| १. | नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१ देखि १२ सम्म | २००० |
| २. | नेपालगञ्ज उप-महानगरपालिका वडा नं.१३ देखि २३ सम्म | १५०० |

- पूनश्चः माथि उल्लेखित तिनै (३) प्रकारका बहाल करको लागि करदाताले कोठ/जग्गाको विवरण सहित क्षेत्रफलको स्वघोषणा गर्नुपर्नेछ।

## अनुसूची ४
## व्यवसाय कर

| क्र.स. | करका शिर्षकहरु | करका दर |
|---|---|---|
| १. | **होटल, रेष्टुरेन्ट, लज क्यासिनो तथा मनोरञ्जन स्थल** | |
| | १ तारे होटललाई | १६५००।०० |
| | २ तारे होटललाई | २७५००।०० |
| | ३ तारे होटललाई | ५५०००।०० |
| | ४ तारे होटललाई | ८२५००।०० |
| | ५ तारे होटल वा सो भन्दा माथी | ११००००।०० |
| | होटल (खाने बस्ने एयर कन्डीसनर भएको) | १००००।०० |
| | होटल (खाने बस्ने एयर कन्डीसनर नभएको) | ५०००।०० |
| | रेष्टुरेण्ट | ३५००।०० |
| | मदिरा विक्री नगर्ने होटललाई | ३०००।०० |
| | क्यासिनो बार्षिक | २०००००।०० |
| | मिनी क्यासिनो बार्षिक | १०००००।०० |
| | फन पार्क, फिटनेस सेन्टर, जिम हाउस, | ५०००।०० |
| | डिस्को, डान्सबार, दोहोरी साँझ, मसाज सेन्टर | १००००।०० |
| | क्याफे | ३०००।०० |
| २. | **चलचित्र** | |
| | चलचित्र मन्दिर सिनेमा हल साधारण | ३५००।०० |
| | QFX | १२०००।०० |
| ३. | **मिठाई पसल** | |
| | क श्रेणी (उच्च सुविधायुक्त एसि भएको) | ६०००।०० |
| | ख श्रेणी, चिया,कफि,नास्ता पसल (वसेर खान मिल्ने फर्निसिड. व्यवस्था भएको) | २०००।०० |
| | ग श्रेणी तथा अन्यलाई | १०००।०० |
| | चिया कफी नास्ता पसल | ७५०।०० |

| | | |
|---|---|---|
| ४. | **पुल हाउस तथा स्नुकर** | २५००।०० |
| | फुटसल, स्केट | ३०००।०० |
| | खेलकुद सामाग्री | ३०००।०० |
| | चार्जर स्टेशन | ३०००।०० |
| | साङ्गितिक सामाग्री | ३०००।०० |
| | वाटर फिल्टर र सो सँग सम्बन्धीत सामाग्री | ५०००।०० |
| ५ | **मासु तथा माछा पसल** | |
| | खसी, कुखुरा, बंगुर, राँगा तथा माछा | १५००।०० |
| | माछा मासु उद्योग | १२०००।०० |
| | सुविधाजनक एसि भएको ठूला मिटमार्ट | ५०००।०० |
| | अण्डा थोक बिक्रेता | २५००।०० |
| | छाला संकलन | २०००।०० |
| | कृषि तथा पशुपंक्षिजन्य फर्म | १०००।०० |
| | मासु प्याकेजिङ | ५०००।०० |
| ६. | **फलफुल पसल** | |
| | थोक फलफुलमा | २५००।०० |
| | खुद्रा फलफुल र फलफुल जुश | ५००।०० |
| | तरकारी थोक बिक्रेता | २५००।०० |
| | उखुको रस | २५००।०० |
| ७. | **सुन चाँदी पसल** | |
| | थोक पसल | १२०००।०० |
| | क श्रेणी (ठुलापसल) | १००००।०० |
| | ख श्रेणी (सानापसल) | ५०००।०० |
| | ग श्रेणी (मर्मतपसल) | १५००।०० |
| | रोलगोल्ड(नक्कली गहना पसल) | ३०००।०० |
| ८. | **औषधी पसल** | |
| | थोक श्रेणी | |
| | सुपर डिष्ट्रिव्युटर्स नेपाल राज्यभर कारोवार गर्ने | २००००।०० |
| | क्षेत्रिय सुपर डिष्ट्रिव्युटर्स बुटवल महेन्द्रनगरसम्म कारोवार गर्ने | १५०००।०० |
| | थोक÷खुद्रा यस क्षेत्रमा मात्र कारोवार गर्ने | ५०००।०० |
| | सर्जिकल पसल | ५०००।०० |
| | फुड सप्लिमेन्ट खुद्रा स्वास्थ्य | २५००।०० |
| | फुड सप्लिमेन्ट थोक स्वास्थ्य | ५०००।०० |
| | स्वास्थ्य सम्बन्धी औजार/उपकरण | ६५००।०० |

| | | |
|---|---|---|
| | स्वास्थ्य सम्बन्धी औजार/उपकरण पार्टस | ४०००।०० |
| | ल्याव/डाइग्नोस्टिक केमिकल खुद्रा | ३०००।०० |
| | ल्याव/डाइग्नोस्टिक केमिकल थोक | ५०००।०० |
| | सेक्स खेलौना | ३०००।०० |
| | **खुद्रा श्रेणि** | |
| | हस्पिटलभित्र | ५,०००। |
| | हस्पिटल बाहिर | ३,०००। |
| | विशेषज्ञ चिकित्सक रहेको औषधिपसल | १२,०००। |
| | चिकित्सक रहेको औषधिपसल | ८,०००।— |
| | हे.अ./अ.हे.व. रहेको औषधी पसल | ५,०००। |
| | चिकित्सक(प्राइभेट क्लिनिक) | ५,०००।— |
| | सर्जिकल सामानको थोक÷खुदा | ७५००। |
| ९. | स्वास्थ्य तर्फ | |
| | मेडिकल कलेज (शिक्षण अस्पताल) | १२५०००। |
| | हस्पीटल एण्ड रिसर्च सेन्टर, | ६००००। |
| | अन्य निजि अस्पताल (नाक,कान,दाँत,घाँटी लगायत) | २५०००। |
| | अन्य सामुदायिक अस्पताल | २५००। |
| | डेण्टल हस्पीटल | १००००। |
| | ल्याव प्याथोलोजी, एक्सरे, अल्ट्रा साउण्ड, सिटी स्क्यान समेत भएकोलाई | १२०००। |
| | ल्याव प्याथोलोजी र एक्सरे समेत भएकोलाई | ५०००। |
| | ल्याव मात्र भएकोलाई | २५००। |
| | एक्सरे मात्र भएकोलाई | २५००। |
| | सिटी स्क्यान मात्र भएकोलाई | ७५००। |
| | अल्ट्रा साउण्ड मात्र भएको | ५०००। |
| | चस्मा पसललाई | १०००। |
| | दांत बनाउने पसललाई | १०००। |
| | होमीयो पैथीक पसललाई | १०००। |
| | अक्कु पङचर उपचार केन्द्रलाई | १०००। |
| | आयुर्वेदिक पसल | २०००। |
| | पोलिक्लिनिक | ६०००। |
| | डाइग्नोस्टिक सेन्टर | ५०००। |
| | डेण्टल क्लिनिक | ७५००। |
| | आयुर्वेदिक पसल–डिलर | ५०००। |
| | फिजियो थेरापी सेन्टर | ४०००। |
| | निजी अस्पताल (नाक, कान, घाँटी, दाँत, आखा लगायत) १० बेड सम्म | २५०००। |

| | | |
|---|---|---|
| | निजी अस्पताल (नाक, कान, घाँटी, दाँत, आखा लगायत) १० बेड भन्दा माथी | ३५०००। |
| १०. | एग्रोभेट | |
| | एग्रोभेट थोक पसललाई | २५००। |
| | एग्रोभेट खुद्रा पसललाई | १०००। |
| | हसिया, कुटो कृषि सामाग्री | ३०००। |
| | कृषि, यन्त्र उपकरण | ५०००। |
| | भेटेनरी उपचार सेवा | २५००। |
| | भेटेनरी सामान | २५००। |
| ११. | तम्बाकु एवं सुर्तिजन्य पसल | |
| | तम्बाकु पसल उत्पादक सुर्तिजन्य गुठ्खा समेत | १००००। |
| | तम्बाकु पसल खुद्रा सूतिजन्य पदार्थ (पान पसल समेत) | ५०००। |
| १२ | धोबी पसल | |
| | ड्राई क्लिनर्स | १५००। |
| १३. | सिलाई पसल | |
| | २ देखि ४ सम्म सिलाई मेसीन भएकोलाई | २०००। |
| | ५ देखि ८ सिलाई मेसीन भएकोलाई | ३०००। |
| | ८ भन्दा धेरै सिलाई मेसिन भएकोलाई | ५०००। |
| | सुटिङ्ग सटिङ्ग समेत भएकोलाई | १००००। |
| | बुटिक पसल | ५०००। |
| १४. | सैलुन तथा ब्युटीपार्लर | |
| | १ सिट लाई | ५००। |
| | २ देखि ५ सिट सम्म | २०००। |
| | ५ सिट भन्दा माथि | ४०००। |
| | ट्रेनिडसेन्टर समेत भएमा थप रु.१०००। लाग्नेछ। | |
| | कस्मेटिक पसल | २५००।– |
| | टयाटु हान्ने पसल | २५००। |
| | कस्मेटिक सामानको थोक | ५०००। |
| | सिलाइ मेसिन बिक्रेता | ३०००। |
| १५. | इलेक्ट्रोनिक्स | |
| | इलेक्ट्रोनिक्स खुद्रा | ३०००। |
| | इलेक्ट्रोनिक्स थोक | ५०००। |
| | इलेक्ट्रोनिक्स थोक र खुद्रा दुवै | ७०००। |
| | मोवाइल डिलर | ५०००। |
| | मोवाइल खुद्रा | ३०००। |
| | मोवाइल थोक र खुद्रा दुवै | ६०००। |
| | इलेक्ट्रीकल सामान मर्मत गर्ने पसल | २०००। |

| | | |
|---|---|---|
| | मोबाइल एसोसेरिज | १०००। |
| १६ | **घ वर्गको निर्माण व्यवसायी सम्बन्धि:** | |
| | ईजाजतपत्र दस्तुर | ५००००। |
| | नविकरण दस्तुर(आ.व.समाप्त पछि पौष मसान्त सम्म | ५०००। |
| | नविकरण दस्तुर(आ.व.समाप्त पछि चैत्र मसान्त सम्म | १००००। |
| | माथि उल्लेखित नविकरण अवधि समाप्त भएपछि थप प्रतिवर्ष | १००००। |
| | ठाउसारी(अन्तरजिल्ला) | १५०००। |
| | ईजाजतपत्र प्रतिलिपी दस्तुर | ५०००। |
| | ईजाजतपत्र नामसारी दस्तुर (एकाघर सगोलमा) | ७५००। |
| | ईजाजतपत्र नामसारी दस्तुर (एकाघर सगोल बाहेक) | ४००००। |
| १७ | **निर्माण ब्यवसायी :** | |
| | ग वर्गलाई | ४५००। |
| | ख वर्गलाई | ७५००। |
| | क वर्गलाई | १५०००। |
| १८. | **हवाई सेवा :** | |
| | हवाई उडान गर्ने एयर लाईन्सलाई बार्षिक | १००००। |
| | प्रत्येक ट्रावल्स एजेन्सीलाई बार्षिक | २०००। |
| | ने.गं.बिमानस्थल बाट उडान गर्ने प्रत्येक हबाई टिकटमा (सुगम) | १००। |
| | ने.गं.बिमानस्थल बाट उडान गर्ने प्रत्येक हबाई टिकटमा (दुर्गम) | ५०। |
| | हवाई कार्गो सर्विस | २०००। |
| १९. | **कानुन ब्यवसायी :** | |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यसाय गरेको १० बर्ष | १०००। |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यसाय गरेको २० बर्ष | २०००। |
| | अधिबक्ताको प्रमाण पत्र लिई ब्यसाय गरेको २० बर्ष भन्दा माथि | ३०००। |
| २० | **बितिय सेवा तर्फ :** | |
| | क श्रेणी( बाणिज्य) | ३००००। |
| | ख श्रेणी(बिकास) | २००००। |
| | ग श्रेणी(बितिय फाइनान्स | १५०००। |
| | घ श्रेणी सहकारी /लघु बित्त | ३०००। |
| | बिमा कम्पनी | १००००। |
| | बिदेशी मुद्रा सटही काउण्टर वा मनिट्रान्सफर | २०००। |
| | इसेवा प्रा.लि. जस्ता अन्य समेत | ५०००। |
| २१ | **जुत्ता चप्पल पसल :** | |
| | थोक बिक्रेता | ५०००। |
| | खुद्रा बिक्रेता | २५००। |
| | मेसिन बाट जुत्ता तयार गरी बिक्री गर्ने | १००००। |
| | ह्रातबाट जुत्ता, चप्पल बनाउने | ३५००। |
| २२ | **हेभी तथा लाईट गाडी  मोटर बिक्रि गर्ने :** | |
| | चार पाङग्रे वा सो भन्दा माथि सवारी साधन | २००००। |

| | | |
|---|---|---|
| | मोटर साईकल स्कुटर बिकी गर्ने पसललाई | १२०००। |
| | साईकल रिक्सा ,अटो रिक्सा बिकी गर्ने पसललाई | ५०००। |
| | पपिङ,सेट जेनेरेटर र मेशिनरी सरसामानहरु बिकी गर्ने पसललाई | ५०००। |
| २३ | गाडी, रिक्सा, साईकलको पार्टस विक्रि पसल : | |
| | वस,ट्रक, टेक्टर, जिप, कार, टेम्पो आदि । | १००००। |
| | मोटरसाईकल, स्कुटर | ५०००। |
| | साईकल रिक्सा ,अटो रिक्सा | २५००। |
| | अटो रिक्सा उद्योग | ८०००। |
| | ठेला दर्ता | ५००। |
| | ठेला नविकरण | ५००। |
| २४ | टायर (रिसोलिङ्ग,मर्मत) तथा मोविल : | |
| | टायरको थोक बिक्रेता | ५५००। |
| | टायरको खुद्रा विक्रेता | २०००। |
| | रिसोलिङ्ग तथा मर्मत | ५०००। |
| | सिट हुट बनाउने पसल | १०००। |
| | लेथ वेल्डिङ्ग भएको पसल | १०००। |
| | मोविल आयल डिलर बिक्रेता | २०००। |
| | मोविल आयल खुद्रा बिक्रेता | १०००। |
| २५ | गाडी मर्मत : | |
| | बस ट्कको बडी बनाउने कारखाना | ५०००। |
| | हेभी गाडी तथा मेशीनरी मर्मतहरु | १५००। |
| | लाईट गाडी तथा मेशीनरी मर्मत | १०००। |
| | सवारी साधन सर्भिसिङ तथा मर्मत सेन्टर | १०००। |
| | व्याट्रि विक्रि तथा मर्मत कारखाना तथा पसल | ५०००। |
| | मोटर साईकल मर्मत | ५००। |
| | साइकल बनाउने पसल | १०००। |
| २६ | कबाडी पसल : | |
| | ठुला पसल | १००००। |
| | साधारण पसल | ५०००। |
| | डिस्पोजेबल सामाग्री बिक्रि | ३०००। |
| २७ | एजेन्सी तथा थोक बिक्रेता पसल : | |
| | चुरोटको डिलर | १२०००। |
| | पेट्रोल पम्प | १००००। |
| | प्लाष्टिक डिलर | ६०००। |
| | चाउचाउ डिलर | ५०००। |
| | साबुन डिलर | ३०००। |
| | ग्याँस सिलिन्डर डिलर | २५००। |

| | | |
|---|---|---|
| | कोईला डिलर | १०००। |
| | मट्टितेल डिलर | १०००। |
| २८ | **मादक तथा अन्य पेय पदार्थ :** | |
| | राष्ट्रियस्तर (राज्यभर) का डिस्ट्रीव्युटर्स | १२०००। |
| | क्षेत्रियस्तरका डिस्ट्रीव्युटर्स | ८०००। |
| | जिल्लास्तरका डिस्ट्रीव्युटर्स | ६०००। |
| | थोक विक्रेता | २५००। |
| | खुद्रा विक्रेता | २०००। |
| | मदिरा बाहेकको पेय पदार्थ बेच्ने पसल | २५००। |
| २९ | **टेन्ट हाउस :** | |
| | क्याटरिङ्ग सहितको टेन्ट हाउस पसल | ५०००। |
| | टेन्ट हाउस मात्र | १५००। |
| | माईक बिजुली डेकोरेसन, बैण्ड बाजा पसल | १०००। |
| | टेन्ट उद्योग (सामाग्री बनाउने) | ३०००। |
| | कुनै शुभकार्यका लागि सार्वजनिक तथा सडक क्षेत्रमा टेन्ट लगाउनु पर्ने भएमा उपमहानगरपालिका द्धारा पूर्व स्वीकृती लिई आवागमनमा अवरोध नहुने गरी मात्र टेन्ट लगाउनु पर्ने छ ।) | |
| ३० | **कलरल्याब तथा फोटो स्टुडियो** | |
| | कलरल्याब | ४०००। |
| | फोटो स्टुडियो | १५००। |
| | फ्रेम हाउस | १०००। |
| ३१ | **इन्टिच्युट,प्रतिष्ठान तथा तालिम केन्द्र :** | |
| | मेन ईन्टरनेट व्यवसायी - | १००००। |
| | सर्वर राख्ने इमेल इन्टरनेटका व्यवसायीहरु | ३०००। |
| | कम्प्यूटर तथा पार्टस थोक विक्रेता | ५०००। |
| | कम्प्यूटर खुद्रा विक्रेता | २०००। |
| | कम्प्युटर प्रशिक्षण केन्द्र र भाषा प्रक्षिण ट्युसन ईन्स्टीचयूट, नृत्य प्रशिक्षण | ३५००। |
| | फोटो कपी तथा डेस्कटप | १०००। |
| | सवारी चालक तालिम | २५००। |
| | केवल नेटवर्क सर्भिस | ५०००। |
| | अनलाईन व्यवसायी | १५००। |
| | अनलाइन फर्म फर्ने | १५०० |
| | फोटोकपी तथा लेमिलेसन | १५००। |
| | रिचार्ज र सिम बेच्ने पसल | २०००। |
| | अनलाइन सफ्टवेयर | ३०००। |
| ३२ | **निजी क्षेत्रका बिधालय** | |

| | | |
|---|---|---|
| | क बर्ग | १५०००। |
| | ख बर्ग | १००००। |
| | ग बर्ग | ५०००। |
| | घ बर्ग | १०००। |
| | सी.टी.भि.टी तथा बिश्व बिधालयबाट स्वीकृती लि बिभिन्न कार्यक्रम संचालन गर्ने कलेज बिश्व बिधालयलाई | |
| | १.प्राबिधिक शिक्षालय तर्फ | १५०००। |
| | २.साधारण तर्फ | १००००। |
| | होस्टल (५० जना भन्दा कम विद्यार्थी) | ३०००। |
| | हास्टेल (५० जना भन्दा बढी विद्यार्थी) | ५०००। |
| ३३ | **छापाखाना अफसेट प्रिन्टिङ्ग प्रेस :** | |
| | फ्लेक्स प्रिन्टलाई | ६०००। |
| | छापाखाना तथा अफसेट सबै भएको | ३०००। |
| | हातले लेखाई गर्ने बाट | १०००। |
| | पत्रिकामात्र प्रकाशन गर्ने प्रकाशक | १०००। |
| ३४ | **ट्रान्सपोर्ट व्यबसाय** | ६०००। |
| | **यातायात ब्यवसायी** | ३०००। |
| ३५ | **कपडा तथा फेन्सी पसल :** | |
| | काँचो कपडाको थोक बिक्रेतालाई | ७०००। |
| | काँचो कपडाको खुद्रा बिक्रेतालाई | ३५००। |
| | रेडिमेड कपडाको थोक बिक्रेतालाई | ६०००। |
| | रेडिमेट कपडाको खुद्रा बिक्रेतालाई | ३०००। |
| | काँचो र खुद्रा दुबै कपडाको बिक्रेतालाई | ८०००। |
| | व्याग, बेल्ट पसल | २५००। |
| ३६ | **स्टेसनरी तथा पुस्तक पसल** | |
| | थोक तथा खुद्रा स्टेस्नरी पसल | २५००। |
| | खुद्रा स्टेस्नरी पसल | १०००। |
| | किताब तथा कापी बिक्रि पसल | १०००। |
| | कापी मात्र बिक्रि पसल | ५००। |
| | कापी किताब उद्योग | ५०००। |
| ३७ | **गल्ला, किराना तथा बिसात खाना :** | |
| | गल्ला तथा खाद्यान्न थोक बिक्रेता | ५०००। |
| | गल्ला तथा खाद्यान्न खुद्रा बिक्रेता | २५००। |
| | चुडि पोतेको थोक बिक्रेता | ३०००। |
| | चुडि पोतेको खुद्रा बिक्रेता | १५०० |
| | धागो, चैन, टाक इत्यादी बेच्ने पसल | १५००। |

| | | |
|---|---|---|
| | अन्य खुद्रा बिक्रि पसल | १५००। |
| | पुजा सामाग्री विक्रि | २०००। |
| | होम डेलिभेरी फुड | २०००। |
| | होम डेकोरेसन सामाग्री | ३०००। |
| ३८ | तरकारी पसल : | |
| | थोक तथा आढ्त पसल | २५००। |
| | फुटकर पसल | ५००। |
| ३९ | हार्डवयर पसल : | |
| | हार्डवयर पसल | १००००। |
| | हार्डवयर पसल (सरिया, सिमेन्ट,सिसा प्लाई मात्र) | ४०००। |
| | सटरिङ तथा फर्मा | १०००। |
| | हार्डवयर (किल्ला, काँटी, कब्जा) | ४०००। |
| | ग्रिल पसल साधारण | ३०००। |
| | ग्रिल उद्योग | ५५००। |
| | मेटलको झयाल ढोका | ३०००। |
| ४० | **डिपार्टमेन्टल स्टोर/मार्ट/सुपरमार्केट/भाडा पसलः** | |
| | चेन सहितको अत्याधुनिक सुविधायुक्त सुपरमार्केट | २५०००। |
| | डिपार्टमेन्टल स्टोर/मार्ट एक तलाको लागि | १००००। |
| | डिपार्टमेन्टल स्टोर/मार्ट एक तला भन्दा बढिको लागि एकमुष्ट | १५०००। |
| | भाँडाको सो रुम | ७५००। |
| | भाँडा बेच्ने पसल | २०००। |
| | फलामे पसल | १०००। |
| | फलाम मात्र बेच्ने पसल | २०००। |
| ४१ | पशु आहार : | |
| | उधोग तर्फ | ७५००। |
| | खुद्रा बिक्रिलाई | २०००। |
| ४२ | **लेखा परिक्षक कम्पनीलाई** | २०००। |
| | **लेखा परीक्षक :** | |
| | क श्रेणी लाई | ५०००। |
| | ख श्रेणीलाई | २०००। |
| | ग/घ श्रेणीलाई | १०००। |
| | लेखा परामर्श सेवा | ५०००। |
| | परामर्श सेवा | २०००। |
| | लेखापढी व्यबसायी | २०००। |
| ४३ | **संचार सेवा :** | |
| | पि.सि.ओ. ,फ्याक्स सेवा, एस.टि. डि., आइ.एस.टि.डि., लोकललाई | ५००। |
| | इमेल,इन्टरनेट,फोटोकपी भएकालाई थप | ५००। |

| | | |
|---|---|---|
| | टेलिकम्युनिकेशन सम्बन्धि थोक बिक्रेता | ५०००। |
| | कुरीयर सेवा | ५००। |
| ४४ | **गैरसरकारी संस्था :** | |
| | पेशा/सेवा शुल्क(नाफामूलक भएमा) | १०००। |
| | सिफारिस दस्तुर(संस्था दर्ता/नविकरण) | ५००। |
| | अन्यत्र प्रधान कार्यालय भई यस उपमनपामा शाखा विस्तार सिफारिश | ५००। |
| | परियोजना सञ्चालन पूर्व सहमती सिफारिस | ५०० |
| ४५ | **कन्सल्टेन्सी सेवा :** | |
| | कन्सल्टेन्सी,  इन्जीनियर, प्राविधिक सेवा(ब्यवसाय दर्ता) | २०००। |
| | नक्शापास अनुमती दर्ता प्रमाणपत्र | ५५००। |
| | ई–रिक्सा ब्लुबुक प्रतिलिपी | १००। |
| | भन्सार एजेन्ट | २०००। |
| | सिभिल ल्याब | ४०००। |
| ४६ | **कंक्रिट उद्योग :** | |
| | हलोब्लक | ५०००। |
| | ढुङ्गा, गिटी, बालुवा,कंक्रिट, हयुमपाइप | १५०००। |
| | सेनेटरी प्याड उधोग | ५०००। |
| | ईटा भट्टा दर्ता तथा नविकरण | २००००। |
| | माटो, गिटी, बालुवा, सप्लायर्स | ७५०० |
| ४७ | **प्लाष्टिक उधोग :** | १००००। |
| ४८ | **पानी उद्योग** | ३०००। |
| ४९ | **बिस्कुट तथा पाउरोटि उधोग** | |
| | बिस्कुट पाउरोटि उधोग | १५००। |
| ५० | **चकलेट उधोग** | ५०००। |
| ५१ | **अगरबत्ती तथा मोमबत्ती उधोग** | १५००। |
| ५२ | **कपडा उधोग :** | |
| | कपडा उधोग | १००००। |
| | गारमेन्ट उधोग | ५०००। |
| ५३ | **फर्निचर उधोग :** | |
| | स्टील फर्निचर उत्पादन तथा बिक्रि | ५०००। |
| | स्टील काठ दुबै फर्निचर  बिक्रि गर्ने | ४०००। |
| | स्टील फर्निचर खुद्राबिक्रि गर्ने | २०००। |
| | काठको फर्निचर | २५००। |
| | बेतबाँसको फर्निचर.बिक्रि | १५००। |
| | फोम तथा कार्पेट बिक्रि | ४०००। |

| | | |
|---|---|---|
| | कपास र सिरक डसना बेच्नेलाई | २५००। |
| | फर्निचर रंगरोगन, मर्मत, डेकोरेशन | २५००। |
| | स्टिल दराज, फर्निचर मर्मत सम्बन्धी सामान बिक्री, पेन्टिङ | ४०००। |
| ५४ | **स-मिल :** | |
| | स-मिल (काठ चिरने बेच्ने) | १५०००। |
| | काठ बिक्री डिपो | ३००० |
| ५५ | **बरफ तथा आईसक्रिम उधोग :** | |
| | बरफ तथा आईसक्रिम उधोग | ४०००। |
| | कनफेक्सनरी उधोग | ५००। |
| | केक बिक्री | २५००। |
| ५६ | **कुटानी, पिसानी, पेलानी मिल :** | |
| | आधुनिक सेलर राईस प्लान्ट राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको | ५०००। |
| | हलर हषकर र चक्की राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको | १०००। |
| | मसला पिस्ने, कुटानी, पिसानी र पेलानी मध्ये कुनै एक भएको | १०००। |
| | प्लाईउड इन्डस्ट्रिज | १५०००। |
| ५७ | **ईन्जिनीयरिङ वर्कसप :** | |
| | सप्लायर तथा मर्मत दुबै गर्नेलाई | ७५००। |
| | ग्रिल सटर बनाउनेलाई | ३०००। |
| | ग्यास बनाउने | १५००। |
| | ग्यास चुलो सामाग्री बिक्री र मर्मत | २५००। |
